# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सामाजिक विकास शाखा
## (स्वास्थ्य ईकाइ)

थर्पू, पाँचथर
१ नं. प्रदेश, नेपाल

**विज्ञापन नं. :- ०१-२०७६/०७७/स्वास्थ्य**

**विषय :- सेवा करारमा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०७६/०८/०२**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको सामाजिक विकास शाखा स्वास्थ्य ईकाइ अन्तर्गत विभिन्न स्वास्थ्य चौकीहरुमा काम गर्ने गरी सेवा स्वास्थ्य,समूह हेल्थ ईन्सपेक्सन/कम्युनिटी नर्सिङका देहायका पद/तह र संख्यामा प्राविधिक कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम,दरखास्त दस्तुर,कार्य विवरण,पारिश्रमिक,सेवाशर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा कार्यालयको वेभसाईट www.yangwarakmunpanchthar.gov.np बाट उपलब्ध हुने छ।

| क्र.स | श्रेणी/तह | सेवा | समूह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | सहायक पाँचौ तह | स्वास्थ्य | हे.ई | ३ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट PCL in General Medicine उतिर्ण गरेको वा सो भन्दा माथि हुनुपर्ने र स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने छ।। |
| २ | सहायक पाँचौ तह | स्वास्थ्य | क.न | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट PCL in Nursing उतीर्ण गरेको वा सो भन्दा माथि र नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने छ। |
| ३ | सहायक चौथो तह | स्वास्थ्य | हे.ई | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए कोर्ष उतीर्ण गरेको वा सो भन्दा माथि र स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने छ। |
| ४ | सहायक चौथो तह | स्वास्थ्य | क.न | ३ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी कोर्ष उतीर्ण गरेको वा सो भन्दा माथि र नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने छ। |

१. **शैक्षिक योग्यता,अनुभव र आवश्यक शर्तहरु** :-

(क). नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४५ वर्ष ।

(घ). नियमानुसार सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ ।

(ङ). अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

२.**दरखास्तमा संलग्न गर्नुपर्ने कागजात** :- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

२०७६/०८/०२
रामप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत